# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/९/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरू |
|---|---|---|---|---|---|
| १ | सुरेन्द्रबहादुर विष्ट समेत (०८०-CR-००२५) फैसला मिति २०८१।२।१ | **राजश्व चुहावट गरी भ्रष्टाचार गरेको।** | क. **भीमदत्त नगरपालिकाका नगरप्रमुख सुरेन्द्रबहादुर बिष्ट र निमित्त प्र.प्र.अ. हरिदत्त जोशीको हकमा-** मिति २०७७/४/३१ को भीमदत्त नगरपालिकाको नगरकार्यपालिकाको बैठकले मू.अ.कर रू.१०,६०,८१८।४० समेत गरी रू. १,३४,९७,४५३।८७ छुट दिने निर्णय अनुमोदनको कार्य (Actus reus) गरेको; निर्णय नं.१३ को निर्णय माइन्युटमा सुरेन्द्रबहादुर विष्ट र हरिदत्त जोशीले तलमाथि प्रमाणित गरेको देखिएकोले ठेक्काको सम्झौताअनुसार राजश्व नउठाई नेपाल सरकार र प्रदेश सरकारको स्वीकृतिबिना कार्यदलको सिफारिसको आधारमा भनेर मु.अ.कर रू.१०,६०,८१८।४० समेत गरी रू.१,३४,९७,४५३।८७ भीमदत्त नगरपालिका र नेपाल सरकारले पाउने राजश्व चुहाबट गरी भ्रष्टाचारजन्य | **फैसला-**<br>सबैलाई सफाई।<br>**सफाइ दिँदाका आधार-**<br>क) विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाईरसको कारण नेपाल सरकारबाट बन्दाबन्दी घोषणा गरिएको कारण सबै क्षेत्रमा नकारात्मक असर परेकोमा आन्तरिक आयको ठेक्का सेवा प्रबाहहरू प्रभावित हुनु स्वभाविकै रही नगरपालिका आफैमा अधिकार सम्पन्न निकाय भएको परिप्रेक्ष्यमा नीतिगत निर्णयबाट भएका कार्यलाई राजश्व छुट दिने भ्रष्टाचारजन्य कसूर गरेको भनी मान्न मिल्ने देखिएन।<br>ख) नगरपालिकाले निर्णय गर्दा भवानी कन्सट्रक्शन प्रा.लि.लाई मात्र नभई मारमा परेको सबै व्यवसायीलाई छुट दिने गरी निर्णय भएको, उक्त निर्णय एकलौटी नभएको, नगरकार्यपालिका र नगरसभाले गरेको निर्णयबाट कार्य भएको, उक्त कार्यमा कोही कसैसँग कुनै मिलेमतो नभएको भनी प्रतिवादीहरूले बयान गरेको अवस्थामा उक्त बयान बेहोरा समर्थन हुने गरी प्रतिवादीहरूका साक्षीहरूले अदालतसमक्ष बकपत्र गरेको।<br>ग) कोभिड १९ को कारण राज्यको आदेशले नै करारबमोजिम गर्नुपर्ने कार्य पूरा गर्न असम्भव भएको; वादीले दावी गरेअनुरूप सम्झौताको शर्त नं. ८ तथा ठेक्का मुख्य शर्तअन्तर्गतको बुँदा नं. २६ निरपेक्षरूपमा लागू हुने नहुने?प्रतिकूल परिस्थितिमा करारको देवानी | क) भीमदत्त नगरपालिका, कन्चनपुरले आ.व.०७६/०७७ मा महाकाली नदीजन्य पदार्थको (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटो) रोयल्टी शुल्क उठाउने ठेक्का नं.१७/रोयल्टी/०७६/७७ को मिति २०७६/३/२७ गते भ्याटबाहेक न्युनतम कबोल अङ्क रू.३,७५,००,०००।- भएको बोलपत्र आह्वानमा समयावधिभित्र परेका बोलत्रहरूमध्येबाट भ्याट बाहेक रू. ३,९०,००,०००।- कवोल अङ्क राखी बढी कवोल गर्ने भवानी कन्सट्रक्सन प्रा.लि. सँग मिति २०७६/५/३१ गते मु.अ.कर बाहेक रू.३,९०,००,०००।–मा सम्झौता गर्दा सम्झौताको बुँदा नं.८ र बोलपत्रको ठेक्काको शर्तहरूको महलको बुँदा नं. २६ मा क्रमशः दोस्रो पक्षले ठेक्का सम्झौतापछि नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकममा कुनै किसिमको छुट वा मिनाहाको लागि दावी गर्न नपाइने र ठेक्का कवोल गरी सम्झौता भएबमोजिमको रकममा कुनै कारण देखाई वा नदेखाई कुनै किसिमको मिनाहा नदिइने भन्ने अवस्था विद्यमान छ।यस्तो निर्विवाद अवस्था विद्यमान हुँदाहुँदै बैङ्क जमानत जफत गरी बाँकी राजश्व उठाउनुपर्नेमा मिति २०७७/३/४ को नगरप्रमुख सुरेन्द्रबहादुर विष्टको अध्यक्षताको ७ औं नगरसभाको निर्णयानुसार राजश्व छुट दिने मनसाय (Mens rea) ले हिमालबहादुर चन्दको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरी सोही कार्यदलको प्रतिवेदनको आधारमा राजश्व छुट दिई राजश्व हिनामिना भएकोमा यी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला बदरभागी छ।<br>ख) भीमदत्त नगरपालिकाले भवानी कन्सट्रक्शन प्रा.लि. सँग मिति २०७६/६/१ देखि २०७७ साल जेष्ठ मसान्तसम्म ठेक्का चलाउन पाउने भन्ने ब्यहोराको मिति २०७६/५/३१ गतेको सम्झौता पत्र बमोजिम आ.व. ०७६/७७ को महाकाली नदीजन्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्य गरेकाले प्रतिवादीहरू सुरेन्द्रबहादुर विष्ट र हरिदत्त जोशीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसूरमा बिगो रू.१,३४,९७,४५३।८७ कायम गरी ऐ ऐनको दफा ७ ले निर्दिष्ट गरेबमोजिम ऐ ऐनको दफा ३(१) र दफा ३(१)(झ) बमोजिम सजाय हुन र ऐ ऐनको दफा ७ बमोजिम चुहावट भएको मु.अ.कर समेतको राजश्व रू.१,३४,९७,४५३।८७ को दोव्वर जरिबाना हुन समेतको सजायको मागदाबी लिइएको देखिन्छ।<br>ख. **राजश्व छुटका लागि गठित कार्यदलको संयोजक तथा सदस्यहरू वडा नं.१७ को वडाध्यक्ष हिमालबहादुर चन्द, इन्जिनियर हिमालयसिँह ऐर, लेखा अधिकृत गोबिन्द उपाध्याय, लेखा अधिकृत विक्रम भण्डारी र ना.सु. नरेन्द्रदेव भट्टको हकमा**<br>महाकाली नदीबाट बालुवा, ढुङ्गा, गिट्टी रोडा तथा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा | दायित्वसमेतबाट उन्मुक्ति पाउने स्थितिमा विशेष र टार्न नसकिने परिस्थिति बेवास्ता गरी भ्रष्टाचारजस्तो फौजदारी कसूरमा करारको कठोर पालनाको सिद्धान्तको आधारमा कसूर कायम गर्न सकिने देखिंदैन।<br>घ) नेपालको संविधानको धारा २२६ मा गाउँसभा र नगरसभाले अनुसूची ८ र ९ को विषयमा आवश्यक कानून बनाउन सक्ने व्यवस्था रहेकोमा अनुसूची ८ को क्र.सं. ४ र साझा अधिकारको सूची रहेको अनुसूची ९ को क्र.सं. ६ र ८ मा यो विषय समावेश भई संवैधानिक प्राधिकारअन्तर्गत भीमदत्त नगरपालिकाले बनाएको आर्थिक ऐन, २०७७ को दफा २० मा त्यस्तो दस्तुर शुल्क महसूलको दर घटाउन बढाउन वा त्यस्तो दस्तुर शुल्क महसूल आंशिक वा पूर्णरूपमा छुट दिन सक्ने व्यवस्था गरिएको तथा उक्त प्रावधानअनुसार छुट दिने गरी नगर कार्यपालिका, नगरपालिका तथा नगरसभाले गरेको निर्णयानुसार छुट दिएको विषय कानून अनुरूपै रहेको तथा नगरपालिका आफैमा एउटा अधिकार सम्पन्न निकाय भएको परिप्रेक्ष्यमा नीतिगत निर्णयबाट भए गरेका कार्य राजश्व छुट दिने भ्रष्टाचारजन्य कसूर गरेको मान्न नमिल्ने।<br>ङ) वादी स्वयम्ले ८३ दिनमा पनि प्रतिवादी ठेकेदार कम्पनीले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी निकासी गरेको तथ्य सबूत प्रमाणबाट पुष्टि गर्न सक्नुपर्छ तर मिसिलबाट यो यस स्थानबाट यो यस्तो साधन प्रयोग गरी यो यस्तो सामग्री प्रतिवादी ठेकेदार कम्पनीले उठाएको भन्ने तथ्यको आधार प्रमाण देखिन | पदार्थको रोयल्टी शुल्क उठाउने ठेक्काको सम्झौता भएको देखिन्छ। श्री भवानी कन्सट्रक्सन प्रा.लि. भीमदत्त नगरपालिका-१८ सँग रू. ३ करोड ९० लाख (मु.अ.कर बाहेक) मा सम्झौता भएकोमा ३ किस्तामा बुझाउने गरी भएको सम्झौता अनुसार माघ मसान्तसम्म ८०% किस्ताले हुने रू. ३,१२,००,०००।- बुझाउनुपर्नेमा ठेकेदारले विभिन्न बहानामा किस्ता रकम बुझाउन ढिलाइ गरेको, कोभिड-१९, लकडाउनजस्ता कारण देखाई प्रथम किस्ता बापत रू. १,७६,२८,०००।- बुझाएको, बुझाउन बाँकी रू. २ करोड १३ लाख ७२ हजार मध्ये कार्यपालिकाको पटके निर्णयबाट ठेक्का अङ्कको दामासाहीले हिसाब गरी ८३ दिनको रू. १,३४,९७,४५३।८७ मिन्हा दिएको छ। यसरी स्थानीय सरकारलाई प्राप्त हुने रोयल्टी बापतको रकम मिन्हा गर्न नमिल्ने गरी बुँदा नं. ८ मा किटानीका साथ व्यवस्था रहेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नगरसभा तथा नगरकार्यपालिकाको काम, कर्तव्य अधिकारमा समेत उक्त मिन्हा दिन सक्ने व्यवस्था नभएको भन्ने मिति २०७८।५।४ को महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन रहेको देखिँदा प्रतिवादीहरूले बदनियतपूर्ण तरीकाले कोभिडको बहाना बनाई राजश्व मिनाहा दिएको तथ्य पुष्टि भएको छ।<br>ग) भवानी कन्सट्रक्सन प्रा.लि. सँग भएको सम्झौतामा नदीजन्य पदार्थहरू उत्खनन्, सङ्कलन र बिक्री वितरण गर्ने गरेकोमा दुई पक्षबीचको सम्झौताका शर्तहरूको बुँदा नं. ८ अनुसार दोस्रो पक्षले ठेक्का सम्झौतापछि नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकममा कुनै किसिमको छुट वा मिनाहाको लागि दावी गर्न नपाईने भन्ने लेखिएको र बोलपत्रको ठेक्काको शर्तहरूको महलको २६ नं. बुँदामा ठेक्का कवोल गरी सम्झौता भएबमोजिमको रकममा कुनै कारण देखाई वा नदेखाई कुनै किसिमको मिनाहा नदिईने भन्ने ब्यबस्था रहेको छ र यसै सम्झौताको बुँदा न. १६ मा यो ठेक्कासँग सम्बन्धित बोलपत्रमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ढुवानी २०७६।१२।१० गतेबाट २०७७ जेष्ठ मसान्तसम्म ८३ दिन सम्मको दामासाहीले छुट दिन उपयुक्त हुने भनी भवानी कन्सट्रक्सन प्रा.लि.ले उत्खनन् गरेको परिमाण र उत्खनन् गर्न बाँकी परिमाणसमेत कुनै नापजाँच नगरी नगरपालिकामा प्रतिवेदन पेश गरेकोमा यथार्थरूपमा जाँचबुझ गरी राजश्व छुट दिन नमिल्ने प्रतिवेदन पेश गर्नुपर्नेमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नगरसभा तथा नगरकार्यपालिकाको काम, कर्तव्य अधिकारमा समेत उक्त मिन्हा दिन सक्ने व्यवस्था नहुँदा नहुँदै संघीय आर्थिक ऐन, २०७६ को दफा १८(१) तथा प्रदेश आर्थिक ऐन, २०७६ दफा १२(१) व्यवस्था प्रतिकूल तथा बोलपत्र कागजातको मुख्य शर्तअन्तर्गतको बुँदा नं २६ तथा सम्झौताको शर्त नं ८ अनुसार ठेक्का कवोल गरी सम्झौता भएबमोजिमको रकममा कुनै कारण जनाई तथा नजनाई कुनै किसिमको | नआएबाट प्रतिवादीहरू उपरको यो दाबी स्थापित नहुने। | उल्लिखित ठेक्काका मुख्य शर्तहरू अभिन्न अङ्ग मानिने भन्ने व्यवस्थासमेत रहे भएबाट सो सम्झौता बिपरीत २०७६।१२।११ गतेदेखि २०७७ जेष्ठ मसान्तसम्म नेपाल सरकारद्वारा बन्दाबन्दीको घोषणा गरिएकोले सो समयमा राजश्व सङ्कलन गर्ने ठेकेदार र व्यवसायीहरूको कर तथा जरिवाना छुटका सम्बन्धमा कार्यदल गठन गरी आवश्यक प्रक्रिया अगाडि बढाउन नगरपालिका कार्यालयलाई निर्देशन दिने भन्ने सातौ नगरसभाबाट निर्णय गरी सम्झौताअनुरूप राजश्व उठाउनुपर्ने राजश्व रकम नउठाउने मनसाय राखी राय सुझाव दिन हिमालबहादुर चन्दको सयोजकत्वमा हिमालयसिँह ऐर, गोबिन्द उपाध्याय, नरेन्द्रदेव भट्ट सदस्य र बिक्रम भण्डारी सदस्य सचिव रहेको ५ सदस्यीय समितिले भीमदत्त नगरपालिकाको आर्थिक ऐन, २०७६ मा छुट मिनाहाको व्यवस्था भएको हुँदा २०७६।१२।१० बाट २०७७ जेष्ठ मसान्तसम्मको दामासाहीले छुट दिन हुने भन्ने सुझाव दिएकोमा सोहीअनुसार भीमदत्त नगर कार्यपालिकाको मिति ०७७/४/३१ को बैठकको निर्णयले ८३ दिनको रू. १,३४,९७,४५३।८७ रकम कर तथा जरिवाना छुट दिने निर्णय अनुमोदन गरेको तथा श्री भवानी कन्सट्रक्सन प्रा.लि ले निवेदन पेश गरेपश्चात् ८३ दिनको मु.अ.कर समेतको रू.१,३४,९७,४५३।८७ रकम नगरपालिकाको तर्फबाट कार्यदल गठन भई स्थलगत अध्ययन गरी रकम छुट दिनुपर्ने भनी प्रतिवेदन पेश गरेकोले आवश्यक छुटका लागि सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने भनी भीमदत्त नगरपालिकाको मिति २०७८।३।१२ को नवौं नगरसभाको निर्णय गरी पत्राचार गरिएकोमा उक्त कार्यालयबाट कुनै जवाफ नआउँदै भीमदत्त नगरपालिकाबाट राजश्व छुटको निर्णय भएको पाइन्छ। राजश्व छुटको लागि लेखी आएको पनि मन्त्रिपरिषद्मा प्रस्ताव पेश नभएको र प्रस्तावउपर छलफल भई निर्णय समेत भएको नदेखिएको अबस्थामा भवानी कन्सट्रक्सन प्रा.लि.ले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मिनाह तथा छुट दिईने छैन भन्नेसमेतको व्यवस्था विपरीत उल्लिखित प्रावधान बेवास्ता गरी संवैधानिक तथा कानूनी क्षेत्राधिकार बाहिर गई संघीय सरकार तथा प्रदेश सरकारको समेत राजश्वमा असर हुने गरी घटी राजश्व असुल गर्न वा गराउन राजश्व रकममा ८३ दिनको छुट दिन सकिने भन्ने प्रतिवेदन नगरपालिकामा पेस गर्ने कार्यदलको संयोजक हिमालबहादुर चन्द, सदस्यहरू हिमालयसिँह ऐर, गोबिन्द उपाध्याय, नरेन्द्रदेव भट्ट र बिक्रम भण्डारीले मु.अ.कर रू.१०,६०,८१८।४० समेत गरी जम्मा रू.१,३४,९७,४५३।८७ भवानी कन्सट्रक्सन प्रा.लि. लाई छुट दिन सक्ने भन्ने प्रतिवेदन पेस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसूरमा निजहरूलाई रू.१,३४,९७,४५३।८७ बिगो कायम गरी ऐ ऐनको दफा ७ ले निर्दिष्ट गरेबमोजिम ऐ ऐनको दफा ३(१) र दफा | | नियमानुसार भीमदत्त नगरपालिकालाई बुझाउनुपर्ने बाँकी राजश्व मु.अ.कर समेत रू. १,३४,९७,४५३।८७ नगरपालिकामा दाखिल नगरेको र उक्त रकमको हकमा कोभिड-१९, लकडाउनजस्ता कारण देखाई कार्यपालिकाको पटके निर्णयबाट ठेक्का अङ्कको दामासाहीले ८३ दिनको रू. १,३४,९७,४५३।८७ मिन्हा दिएको देखिएबाट स्थानीय सरकारलाई प्राप्त हुने रोयल्टी बापतको रकम मिन्हा गर्न नमिल्ने गरी सम्झौताको बुँदा नं. ८ मा किटानीका साथ व्यवस्था रहेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नगरसभा तथा नगरकार्यपालिकाको काम, कर्तव्य अधिकारमा समेत उक्त मिन्हा दिन सक्ने व्यवस्था नभएको भनी महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनले समेत कैफियत जनाएको देखिएकोले उक्त छुट दिन नमिल्ने भन्ने पुष्टि हुँदाहुँदै प्रतिवादीहरूलाई सफाइ दिइएको त्रुटिपूर्ण छ।<br>घ) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ६(१) मा यस ऐन बमोजिम कर निर्धारण र असुलउपर गर्ने प्रयोजनको लागि कुनै वस्तु वा सेवाको आपूर्ति नेपालभित्र वा बाहिर भएको कुराको निर्धारण तोकिएबमोजिम हुने तथा ऐ.ऐनको दफाको उपदफा ३(ख) अनुसार करारबमोजिम किस्ताबन्दीरूपमा कुनै वस्तु वा सेवाको मूल्य एकभन्दा बढी दिनमा आंशिकरूपमा भुक्तानी हुने व्यवस्था भएकोमा भुक्तानी भएको वा करारमा भुक्तानी गर्नुपर्ने भनेर उल्लेख गरिएको दिनमध्ये जुन पहिले हुन्छ सो समय हुने उल्लेख छ। जसअनुसार श्री भवानी कन्सट्रक्सन प्रा.लि.ले भीमदत्त न.पा. सँगको सम्झौता बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त आयको ठेक्कामा २०७७ बैशाख मसान्तमा अन्तिम किस्ता तिर्ने समय रहेको देखिँदा बैशाख मसान्तमा नै सम्पूर्ण मूल्य अभिवृद्धि कर निर्धारण हुने देखिन्छ। यस्तै संघीय आर्थिक ऐन, २०७६ को दफा १८(१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकतानुसार यो ऐन र प्रचलित अन्य कानूनबमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३(१)(झ) बमोजिम सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजश्व रू.१,३४,९७,४५३।८७ को दोव्वर जरिबाना हुन समेतको मागदाबी लिइएको देखिन्छ।<br>साथै, प्रतिवादीहरू हिमालबहादुर चन्द, हिमालय सिँह ऐर, गोबिन्द उपाध्याय, नरेन्द्रदेव भट्ट र बिक्रम भण्डारीले यथार्थरूपमा जाँचबुझ गरी राजश्व छुट दिन नमिल्ने प्रतिवेदन गर्नुपर्नेमा सो नगरी संघीय आर्थिक ऐन, २०७६ को दफा १८(१) तथा प्रदेश आर्थिक ऐन, २०७६ को दफा १२(१) व्यवस्था प्रतिकूल तथा बोलपत्र कागजातको मुख्य शर्तअन्तर्गतको बुँदा नं.२६ तथा सम्झौताको शर्त नं ८ अनुसार ठेक्का कवोल गरी सम्झौता भएबमोजिमको रकममा कुनै कारण जनाई तथा नजनाई कुनै किसिमको मिनाहा तथा छुट दिईने छैन भन्नेसमेतको व्यवस्था बिपरीत उल्लिखित प्रावधान बेवास्ता गरी संवैधानिक तथा कानूनी | | वा पूर्णरूपमा छुट दिन सक्ने भन्ने व्यवस्था छ। यसरी उल्लिखित व्यवस्थाका आधारमा मूल्य अभिवृद्धि करमा छुट नेपाल सरकारले मात्र दिन सक्ने हुँदाहुँदै संघीय सरकारको अधिकार रहेकोमा स्थानीय तहले निर्णय गरी राजश्व छुट दिएको त्रुटिपूर्ण छ। यसरी स्थानीय तहबाट कर छुट दिँदा केन्द्रीय राजश्व सङ्कलनमा समेत फरक पर्ने देखिन्छ। नदीजन्य वस्तुको रोयल्टी छुट गर्ने अधिकार नेपालको संविधानको अनुसूची ८ बमोजिमका स्थानीय सरकारको अधिकारको विषयभित्र नपर्ने देखिन्छ भन्ने उक्त रोयल्टी नेपालको संविधानको अनुसूची ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीभित्र पर्ने देखिन्छ।<br>ङ) प्रतिवादीहरू गोविन्दराज उपाध्याय तथा हिमालबहादुर चन्दले अदालत समक्षको बयानमा भीमदत्त नगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा २० तथा बमोजिम उक्त प्रतिवेदन तयार गरेको भनी लेखाएकोमा उक्त दफाले कुनै प्रकारको रोयल्टी छुट दिने व्यवस्था उल्लेख गरेको पाइँदैन। यसरी यी प्रतिवादीहरूले बदनियत राखी घटी राजश्व असुर गर्न गराउन राजश्व रकममा ८३ दिनको छुट दिने सकिने भनी गलत प्रतिवेदन नगरपालिकामा पेश गरेको देखिएबाट निजहरूको प्रस्तुत कसुरमा पूर्णरूपमा संलग्नता रहेको देखिन्छ। त्यसैगरी भवानी कन्सट्रक्सन प्रा.लि. का प्रतिनिधि प्रतिवादीहरू केशवराज भट्टसमेतले अदालतमा बयान गर्दा मिलेमतो नरहेको; सम्झौताबमोजिम कार्य गरेको भनेकोमा उक्त सम्झौता विपरीत श्री भवानी कन्सट्रक्सन कम्पनीले ठेक्का सम्झौताभन्दा कम रकम बुझाउन रकम छुटको निवेदन दिएको देखिन्छ जुन निवेदन सम्झौताबमोजिम दिन मिल्ने स्पष्ट आधार देखिदैन। यसरी स्पष्ट आधार विना निज प्रतिवादीहरूकै मिलेमतोमा बदनियत राखी रकम छुटको निवेदन पेश गरेको देखिन्छ।<br>च) शुरू अनुसन्धानको क्रममा बयान गर्ने वडा नं १२ का अध्यक्षसमेतले ठेक्का सम्झौता गरिसकेपछि पटक पटक कार्यपालिकाको बैठकमा नगरपालिकालाई घाटा हुने गरी ठेकेदारको पक्षमा सम्झौता के कति कारणले गरियो भनी मैले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | क्षेत्राधिकार बाहिर गई संघीय सरकार तथा प्रदेश सरकारको समेत राजश्वमा असर हुने गरी घटी राजश्व असुल गर्न गराउन राजश्व रकममा ८३ दिनको छुट दिन सकिने भन्ने गलत प्रतिवेदन नगरपालिकामा पेस गरेकाले निजहरूलाई ऐ ऐनको दफा १९(२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९(२) बमोजिम सजाय हुनसमेतको मागदावी लिइएको देखिन्छ।<br>ग. **श्री भवानी कन्सट्रक्सन प्रा.लि.को संचालकहरू ईश्वरीप्रसाद भट्ट, केशवराज भट्ट, पुष्पराज भट्ट, ईश्वरीप्रसाद भट्टको हकदार खगेश्वरी भट्ट र श्री भवानी कन्सट्रक्सन प्रा.लि. कञ्चनपुरको हकमा**<br>ठेक्का सम्झौतापछि नगरपालिकालाई बुझाउनुपर्ने ठेक्का रकममा कुनै किसिमको छुट वा मिनाहको लागि दाबी गर्न पाईने छैन र ठेक्का कवोल गरी सम्झौता भएबमोजिमको रकममा कुनै कारण देखाई वा नदेखाई कुनै किसिमको मिनाहा नदिइने भन्ने अवस्था विद्यमान हुँदाहुँदै आफैले | | सोध्दा कसैबाट पनि जवाफ नआएको, ठेक्का लगाउन IEE को आधारमा परिमाण नखोल्नुमा प्रशासन वा ठेक्का लगाउने निकायको दोष देखिन्छ भनी कागज व्यहोरामा खुलाएका छन् भने वडा नं. २ का अध्यक्ष डम्बरसिँह कार्कीले कार्यपालिकामा छलफल नै नगरी यो विषयमा ठेकेदारलाई लाभ हुने कार्य नगरपालिकाले गरेको देखिन्छ भन्ने बयान गरेबाट यी प्रतिवादीहरूको मिलेमतोमा उक्त राजश्व चुहावट गरेको देखिन्छ।<br>छ) प्रतिवादीहरूले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) बमोजिम समेत ठेक्का सम्झौताको रकममा छुट दिइएको भनिएकोमा उक्त ऐनको दफा ६४ ले प्राकृतिक स्रोतको करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने भनी उल्लेख भएकोमा प्रस्तुत कर प्रदेश र नगरपालिका वा गाउँपालिकाको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण, सङ्कलन र बाँडफाँडका विषय रहेको देखिन्छ। यस्तै सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(१) मा संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तरको सङ्कलनमा अनुसूची-६ बमोजिम कर लगाई असुलउपर गरिनेछ। यस्तै दफा (२) मा यस्तो कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्नेछ साथै ऐ.ऐनको दफाको (३) मा यसरी सङ्कलित राजश्व मध्ये सङ्कलित रकम गाउँपालिका वा नगरपालिकाले सङ्कलन भएको रकममध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाँउपालिका वा नगरपालिकाले संचित कोषमा राखी बाँकी ४०% ले हुने रकम मासिकरूपमा प्रदेश संचित कोषमा जम्मा गरी सोको विवरणसहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। ऐ.ऐ ऐनको दफा १२(१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकतानुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको सम्झौता र वोलपत्रको शर्त विपरीत भवानी कन्सट्रक्सन प्रा.लि.का संचालकहरूले नगरपालिकासँगको मिलेमतोमा मिति २०७७/३/४ गतेको नगरप्रमुख सुरेन्द्रबहादुर विष्टको अध्यक्षताको ७ औं नगरसभाको निर्णयले राजश्वमा छुट दिने मनसाय (Mens rea) राखी हिमालबहादुर चन्दको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरी सो कार्यदलको प्रतिवेदनको आधारमा मिति २०७७/४/३१ मा नगरकार्यापालिकाको बैठकबाट ८३ दिनको मु.अ.कर रू.१०,६०,८१८।४० समेत गरी जम्मा रू.१,३४,९७,४५३।८७ छुट गर्ने निर्णय (Actus reus) गर्न लगाई राजश्व चुहावट गरेको कसुरमा गैरकानूनी लाभ लिने मतियार भई प्रतिवादीहरू ईश्वरीप्रसाद भट्ट, केशवराज भट्ट,, पुष्पराज भट्ट र भवानी कन्सट्रक्सन प्रा.लि.ले भीमदत्त नगरपालिका र नेपाल | | दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ, त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा उक्त छुट दिइएको सूचना राजपत्रमा प्रकाशन भएको देखिदैन।<br>ज) यसरी नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नदीजन्य पदार्थको रोयल्टी उठाइएको रकममा प्रदेश र स्थानीय सरकारमा रोयल्टी बाँडफाँड हुने तथा मूल्य अभिवृद्धि कर संघीय सञ्चित कोषमा जम्मा हुने व्यवस्था देखिन्छ। यसरी सम्झौताका शर्त लगायतका कारणबाट एकातर्फ राजश्व मिनाहा हुने अवस्था रहेको देखिदैन भने अर्कोतर्फ प्रदेश तथा संघीय सरकारको राजश्व रकम निर्धारण भइसकेपछि प्रदेश सरकार तथा संघीय सरकारको राजश्वमा असर पार्ने गरी स्थानीय तहले राजश्व छुट दिन सक्ने अवस्था नदेखिँदा भीमदत्त नगरपालिकाबाट श्री भवानी कन्सट्रक्सन प्रा.लि.ले सम्झौताबमोजिम तिर्नुपर्ने रकममा दिइएको छुट कानून सम्मत मान्न सकिने देखिदैन। उक्त छूट दिने निर्णय अनुमोदन गरिसकेको लगभग १ वर्षपछि मिति २०७८/३/१२ गतेको नवौ नगरसभाको बैठकले नगरपालिकाको तर्फबाट कार्यदल गठन भई स्थलगत अध्ययन गरी रकम छुट दिनुपर्ने भन्ने प्रतिवेदनका आधारमा छुटका लागि सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरेको र सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सो सम्बन्धमा कुनै निकास नआउँदै नगरपालिका आफैले छुट दिएको कार्यले राजश्वमा गैरकानुनीरूपमा नोक्सानी गरेको देखिन्छ। यसरी गैरकानुनी रूपमा रोयल्टी छुट दिने प्रतिवेदन कार्यदलको सदस्यहरू; सो प्रस्ताव लेख्ने प्रशासकीय अधिकृत लगायत भवानी कन्स्ट्रक्शनका व्यक्तिहरूले बदनियत तथा दूषित मनसाय राखी उक्त छुट दिने र लिने कार्य गरेको मिसिल संलग्न आधार प्रमाणहरूबाट पुष्टि हुँदाहुँदै सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरकारलाई हानि पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसूरमा सोही ऐनको दफा २२ वमोजिम मतियारको कसूरमा प्रतिवादीहरू ईश्वरीप्रसाद भट्ट, केशवराज भट्ट, पुष्पराज भट्ट र भवानी कन्सट्रक्सन प्रा.लि. को हकमा मुख्य कसुरदारसँग मागदावी लिएको विगो रकम रू.१,३४,९७,४५३।८७ कायम गरी ऐ ऐनको दफा ७ ले निर्देश गरेबमोजिम दफा ३(१) र दफा ३(१)(झ) ले हुने सजायलाई आधार मानी ऐ ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य प्रतिवादीहरूलाई हुने सजाय सरह सजाय हुन मागदाबी लिइएको देखिन्छ।<br>**घ.** यसैगरी, मु.अ.कर समेत रू.१,३४,९७,४५३।८७ गैरकानुनी लाभ लिई भीमदत्त नगरपालिका र नेपाल सरकारलाई हानि पुऱ्याउने प्रतिवादी ईश्वरीप्रसाद भट्टको मिति २०७९।४।२९ गते मृत्यु भएको मृत्युदर्ता | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रमाणपत्रबाट देखिएकोले निजको हकमा प्रचलित कानुनबमोजिम निजको हक खाने अंशियार निजकी श्रीमती प्रतिवादी खगेश्वरी भट्टबाट विगो रू.१,३४,९७,४५३।८७ असुलउपर गर्ने प्रयोजनार्थ मागदाबी लिइएको देखिन्छ। | | |